# षडानन्द नगरपालिका

## आर्थिक सहायता संचालन तथा व्यवस्थापन कार्यविधि-२०८०

प्रस्तावना:

षडानन्द नगरपालिकाबाट विभिन्न संघ, संस्था, निकाय, व्यक्तिहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक तथा जिन्सी सामान लगायतका अनुदान तथा आर्थिक सहायता छिटो छरितो, मितव्ययी, पारदर्शिरुपमा प्रदान गर्न तथा अनुदान प्राप्त गर्ने संस्था तथा व्यक्तिलाई जिम्मेवार, अनुशासित, मर्यादित बनाई विपन्न तथा आर्थिकरुपमा कमजोर वर्गलाई कम्तिमा राहत प्रदान गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४ बमोजिम षडानन्द नगरपालिकाको मिति २०८०/०१/१४ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) संक्षिप्त नामः यो कार्यविधिको नाम "षडानन्द नगरपालिका आर्थिक सहायता संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहनेछ ।

ख) प्रारम्भः यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा र व्याख्याः

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई बुझाउने छ ।

ख) "सभा" भन्नाले षडानन्द नगरपालिकाको नगर सभालाई जनाउने छ ।

ग) "कार्यपालिका" भन्नाले षडानन्द नगरपालिकाको नगर कार्यपालिकालाई जनाउने छ ।

घ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम गठित सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक, बौद्धिक, धार्मिक, सांस्कृतिक आदि कार्य गर्न प्रचलित कानून बमोजिम गठित संस्थालाई जनाइन्छ ।

ङ) "राहत" भन्नाले कुनै व्यक्ति/संस्थाको आर्थिक, भौतिक, मानवीयरुपमा भएको क्षतिलाई कम गर्ने उदेश्यले प्रदान गरिने आर्थिक रकम वा प्रदान गरिने सामाग्रीलाई जनाउँछ ।

च) "आर्थिक सहायता" विपद्को समयमा, संक्रमण अवस्थामा र असाहय तथा अति गरिव व्यक्तिहरुलाई स्वास्थ्य उपचार, क्षति कम गर्ने वा तत्काल व्यक्ति वा संस्थालाई आर्थिक, प्राविधिक, जिन्सी सहयोगलाई जनाउने छ ।

## परिच्छेद-२

## आर्थिक सहायताको प्रकार र प्रक्रिया

१. आर्थिक सहायतः

कुनै पनि व्यक्ति विरामी भइ अन्य गरिवी असक्तताको कारणले हुने समस्याको आर्थिक सहायताका लागि व्यक्ति वा संस्थाले सम्बन्धित वडाको सिफारिस सहित नगर प्रमुख समक्ष निवेदन दिनु पर्ने छ । प्राप्त निवेदनको प्रकृतिको आधारमा देहायको रकम देहायको प्रकृयाबाट भुक्तानी गरिने छ ।

क) नगर प्रमुखको निर्णय बमोजिम रु. १०,०००/- सम्म ।

ख) रु. १०,०००/- भन्दा बढि भएमा बजेटको अधिनमा रहि नगर कार्यपालिकाको वैठकको निर्णय अनुसार ।

२. सहायता प्राप्त गर्न अवलम्बन गर्ने प्रकृयाहरुः

क) आर्थिक सहायता माग गर्ने व्यक्तिको निवेदन

ख) सम्बन्धित वडाको सिफारिस

ग) रोग निदान भएको निकित्सकको रिपोर्ट्

घ) उपचार गरेको विल भर्पाई

ङ) जिल्ला वाहिर उपचार गर्न जानको लागि यातायात खर्च नभएको अवस्थाको जानकारीको कागजात

च) विपदको हकमा विपद हो भनि खुल्ने कागजात

छ) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

## परिच्छेद-३

## खेलकुद सम्बन्धि सहायता रकम

१. खेलकुदः

नगरका युवाहरुलाई खेल क्षेत्रको माध्यमबाट स्वास्थ्य, प्रतिस्पर्धि बनाउनको लागि संचालन हुने विभिन्न प्रकारका खेलकुदका लागि निम्न बमोजिम सहयोग दिन सकिने छ ।

- सम्बन्धित वडा/ खेलकुद समितिबाट खेल खेल्न आवश्यक छ भनी सिफारिस
- नगर खेलकुद समिति गठन भएको हकमा सो को सिफारिस, समय तालिका सहित खेल कार्यक्रमको विस्तृत प्रस्तावको आधारमा ।

क) फुटबल, भलिबल, सो सरह खेलाडी संख्या सहभागी हुने खेल

- अन्तर जिल्ला स्तरीय प्रतियोगिता - रु. ५०,०००/-
- जिल्ला स्तरीय प्रतियोगिता - रु. ३०,०००/-

- नगर स्तरीय प्रतियोगिता - रु. २५,०००/-
- वडा स्तरीय प्रतियोगिता - रु. १०,०००/-

ख) कराते, तेक्वान्दो जस्ता खेलमा

- अन्तर जिल्ला स्तरीय प्रतियोगिता - रु. १५,०००/-
- जिल्ला स्तरीय प्रतियोगिता - रु. १०,०००/-
- नगर स्तरीय प्रतियोगिता - रु. ८,०००/-
- वडा स्तरीय प्रतियोगिता - रु. ५,०००/-

ग) टेवल टेनिस, ब्याडमिण्टन, दौड (रिले) जस्ता खेलकुदः

- अन्तर जिल्ला स्तरीय प्रतियोगिता - रु. २०,०००/-
- जिल्ला स्तरीय प्रतियोगिता - रु. १५,०००/-
- नगर स्तरीय प्रतियोगिता - रु. १०,०००/-
- वडा स्तरीय प्रतियोगिता - रु. ७,०००/-

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा विजयी भई पुरस्कृत भएका खेलाडीहरुलाई प्रोत्साहन स्वरुप निम्नानुसार प्रोत्साहनहरु सहयोग गर्न सकिने छ ।

क) राष्ट्रिय प्रतियोगितामा पुरस्कृतको लागि - रु. २५,०००/- सम्म ।

ख) अन्तराष्ट्रिय प्रतियोगितामा पुरस्कृतको लागि - रु. ५०,०००/- सम्म ।

## परिच्छेद-४
## औषाधी उपचार

१. औषधी उपचार वापत प्राप्त कोषलाई मध्य नजर गरि निम्न बमोजिम औषधी उपचार खर्च प्रदान गरिने छ ।

- ➢ नेपाल सरकारले कडा रोग भनि उल्लेख गरेका रोगहरुको लागि सम्बन्धित अस्पतालको कागजात, अस्पताल भर्नाको कागजात समेत संलग्न राखी सम्बन्धित व्यक्ति वा निजको संरक्षकले निवेदन दिएमा ।
- ➢ रु. १५,०००/- सम्म नगर प्रमुखको निर्णयबाट
- ➢ सो भन्दा माथि नगर कार्यपालिका वैठकको निर्णय भए बमोजिम कोषको अवस्था हेरी बढिमा रु. ४०,०००/- सम्म रकम उपलब्ध गराउन सकिने

सुरेन्द्र कुमार उदास
नगर प्रमुख

## परिच्छेद-५

## राहत

१. दैविक प्रकोपबाट हुने क्षतिलाई कम गर्न राहत स्वरुप केहि नगद/जिन्सि सामान उपलब्ध गराउन सकिने छ ।

क) विपदबाट क्षति भएको हो भनि स्थानिय प्रहरी कार्यालययको मुचुल्का र सम्बन्धित वडाको सिफारिसको आधारमा सम्बन्धित व्यक्तिबाट निवेदन प्राप्त भएमा नगर प्रकोप व्यवस्थापन कोषबाट निम्न बमोजिम निम्न प्रकृया पुरा गरि तपशिल बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराईने छ ।

ख) आगलागी, बाढि पहिरो वा चट्याङ्गले घर जग्गा, धनसम्पत्ति नष्ट भएमा नष्ट भएको रकमको प्रहरी मुचुल्का सम्बन्धित वडाको सिफारिसको आधारमा :

- रु. १,००,०००/- (एक लाख) सम्म क्षति भएमा नगर प्रमुखको निर्णय बमोजिम रु. १०,०००/- सम्म रकम उपलब्ध गराउन सकिने छ ।
- सो भन्दा बढि क्षति भएमा नगर विपद व्यवस्थापन समितिको निर्णय सहित प्राप्त सिफारिसको आधारमा नगर कार्यपालिकाको वैठकको निर्णय अनुसार बढिमा रु. २५,०००/- सहयोग उपलब्ध गराईने छ ।

घ) माथि उल्लेखित घटनाबाट कुनै पनि व्यक्तिको मृत्यु भएमा नगर कार्यपालिकामा घटना र सो खुल्ने कागजात सहित निवेदन पेश भइ नगर विपद व्यवस्थापन समितिको निर्णय सहित सिफारिसको आधारमा नगर कार्यापालिकाबाट निर्णय भए बमोजिम १ जनाको मृत्यू भएमा बढिमा रु. ५०,०००/- र सो भन्दा वढि व्यक्तिको मृत्यू भएमा बढिमा १,००,०००/- सम्म सहयोग रकम उपलब्ध गराइने छ ।

## परिच्छेद-६

## भुक्तानी प्रकृया/शिर्षक

१. सम्बन्धित व्यक्तिको निवदेन, वडाको सिफारिस, औषधी उपचारको हकमा रोग खुलेको कागजात र विलभर्पाई तथा नागरिकताको प्रतिलिपि साथै विपदको हकमा सम्बन्धित प्रहरीको कागजात तथा मृत्युको हकमा पोष्टमार्टम रिपोर्ट समेत संलग्न राखी नगर प्रमुख/ कार्यपालिकाको निर्णय सहित निवेदन प्राप्त भए पछि भुक्तानी प्रकृया अगाडी बढाइने छ ।

२. माथि उल्लेखित कागजात प्राप्त भए पछि आर्थिक सहायता तथा औषधी उपचारको हकमा आर्थिक सहायता शिर्षकबाट र विपदको हकमा प्रकोप व्यवस्थापन कोषबाट आर्थिक प्रशासन शाखाले रकम उपलब्ध गराउने छ । साथै खेलकुदको हकमा सम्बन्धित

शिर्षकबाट खेलमा भाग लिएको प्रमाण-पत्र, बिल भर्पाई, कार्यक्रमको प्रस्तावको आधारमा सहयोग रकम उलब्ध गराईने छ ।

## परिच्छेद-७

## विविध

१. बचाउः यस भन्दा अगाडी भएका यस प्रकारका उपलब्ध गराईएको आर्थिक सहायता/ राहत रकम यसै कार्यविधि बमोजिम भएको मानिने छ ।